नेपाली

Vol.47 | 2025.03

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




## "ओताको साकुराको मज्जा लिऔं"






## मागोमे बुन्सीमुरा ओजाकुरा माचुरी

नागासी ओदोरी, आवा ओदोरी, हाइकु प्रतियोगिता गरिनुका साथै बुथहरू पनि हुने हुनाले जसले पनि मज्जा लिन सक्छ।

- 🕘 2025 साल अप्रिल 6 तारिख (आइतबार) 12:00 pm~4:30 pm
  हल्का वर्षा भए तापनि आयोजना गरिनेछ।
- 📍 साकुरा नामिकी पार्क, मागोमे साकुरा नामिकी दोओरी
  ओता सहर मिनामी मागोमे 4-48 देखी 6-11 वरिपरिसम्म
  (ओमोरी स्टेसन सान्नो एक्जिटबाट एबारामाची स्टेसनको इन्ट्रान्समा जाने बसमा "उसुदा साकासिता" मा ओर्लिएपछि हिँडेर 5 मिनेट)
- 📞 मागोमे विशेष उपशाखा कार्यालय
  ☎ 03-3774-3301　FAX 03-3774-4997
  E-mail：magome@city.ota.tokyo.jp

## चौधौं 21 सेइकी साकुरा माचुरी

यो टोल समिति तथा टोल संघ, स्थानीय व्यापार सञ्चालकहरू, सम्बन्धित संस्थाहरू आदि एकजुट भई आपसी सम्बन्धलाई प्रगाड बनाई यस क्षेत्रलाई बलियो बनाउने इभेन्ट हो। यस पटकको साकुरा माचुरीमा पनि हरेक पटक सबैले रुचाइदिनुभएको स्टेज, इभेन्ट कर्नर, फ्रि-मार्केट, बुथहरू जस्ता रमाइला कार्यक्रमहरू धेरै योजना गरिएका छन्।

ध्यान दिनुपर्ने कुराहरू

- इभेन्टको दिन इभेन्ट हुने स्थान भित्र प्रवेश गर्ने व्यक्ति सङ्ख्या सीमित गरिने अवस्थाहरू पनि हुन सक्छन्।
- इभेन्ट हुने स्थानमा सवारी साधनमा नआउनुहोस्।

- 🕘 2025 साल मार्च 23 तारिख (आइतबार)　9:45 am~3:00 pm
- 📍 ओता कुमिन प्लाजा　ओता सहर सिमोमारुको 3-1-3
- 📞 यागुची विशेष उपशाखा कार्यालय
  ☎ 03-3759-4686
  FAX 03-3759-1492
  E-mail：yaguti@city.ota.tokyo.jp

🕘 ···· कहिले　💰 ···· रकम　👤 ···· कति जना　📍 ···· कहाँ　📄 ···· आवेदन दिने तरिका　🖥 ···· आवेदन दिने ठाउँ　📞 ···· सम्पर्क

## ■नियमको पालना गरी फोहोर फाल्नको लागि निकालौं

के तपाईं हरेक दिन घरबाट निस्कने स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर र त्यसको वर्गीकरणबारे चिन्तित हुनुभएको छ?

यस पटक हामी विशेष रूपमा धेरै गल्ती हुने वर्गीकरणबारे जानकारी गराउनेछौं।

1　ठूलो आकारको फोहोर

कुनै एक साइडको लम्बाइ लगभग 30 cm वा सोभन्दा बढी भएको सामानलाई ठूलो आकारको फोहोर मानिन्छ। टुक्रा पारेर झोलामा हालेको कुरा पनि ठूलो आकारको फोहोरमा पर्छ।

2　सामग्रीको भिन्नता

सामग्री र त्यसको अनुपात अनुसार फोहोर फाल्नको लागि निकाल्ने तरिका फरक हुन्छ। सबैभन्दा बढी अनुपातमा रहेको सामग्रीको नष्ट विधि अनुसार फाल्नको लागि निकाल्नुहोस्।

ओता सहरमा "विदेशी भाषा संस्करण, स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाको पम्फलेट" (6 भाषाहरू (अंग्रेजी, चाइनिज, कोरियन, टागालाग, नेपाली र भियतनामिज)) को व्यवस्था गरिएको छ। माथि उल्लेख नगरिएको स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाबारे पम्फलेटमा हेर्नुहोस्।




सरसफाइ शाखा

☎ 03-5744-1628　FAX 03-5744-1550

E-mail：kan-seso@city.ota.tokyo.jp

## ■आर्थिक वर्ष 2025 साल सामूहिक रूपमा रेबिज रोकथामको सुई लगाउने नियमित कार्यक्रम

कानुनमा कुकुर मालिकले आफ्नो कुकुरलाई हरेक वर्ष रेबिज रोकथामको सुई लगाई, कुकुरलाई सहरद्वारा जारी गरिएको सुई लगाएको प्रमाण ट्याग लगाउनुपर्ने कुरा तोकिएको छ। ओता सहरमा सुई लगाएको प्रमाण ट्यागको रूपमा रिबन टाइपको प्रयोग छनौट गरिएको छ। एकैसाथ रेबिज रोकथामको सुई र सुई लगाएको प्रमाण ट्याग जारी गर्न सकिने सुई लगाउने नियमित कार्यक्रम गरिन्छ।

रिबन टाइपको सुई लगाएको प्रमाण ट्याग



2025 साल अप्रिल 12 तारिख (शनिबार) देखि अप्रिल 21 तारिख (सोमबार) सम्मको 10 दिनको अवधि

ओता सहरले तोकेको ओता सहर भित्रको पशु अस्पताल (तोकिएको पशु अस्पताल। होमपेजमा गई निश्चय गर्नुहोस्।)

3,750 येन

विस्तृत विवरण: रेबिज रोकथामको सुईको शुल्क 3,200 येन र सुई लगाएको प्रमाण ट्याग जारी महसुल 550 येन

ओता सहरका कुकुर पालिरहेका व्यक्तिहरू

कार्यान्वयन अवधि भित्र आफ्नो कुकुरलाई लिएर तोकिएको पशु अस्पतालमा जानुहोस्।

आवश्यक छैन।

स्वच्छता र सार्वजनिक स्वास्थ्य शाखा

☎ 03-5764-0670　FAX 03-5764-0711





## ■ काचु काइस्यु स्मारक भवन विशेष प्रदर्शनी श्री, रिन्तारो ज्यू -हातामोतो ओकादा सिन्गोतारोद्वारा पठाइएको चिट्ठी-

काचु काइस्युसँगै अध्ययन गरेका उनको साथी ओकादा सिन्गोतारो जसको आयु लामो थिएन। यस प्रदर्शनीमा हालसम्म थाहा नभएको यी दुई बीचको आदानप्रदानका साथै पत्ता लगाइएका नयाँ कागजातहरूको खुलासा गरिनेछ।

2025 साल मार्च 14 तारिख (शुक्रबार)-जुलाई 6 तारिख (आइतबार)
भवन खुला समय 10:00 am~6:00 pm
*सोमबार भवन बन्द हुनेछ (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)
*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

काचु काइस्यु स्मारक भवन
ओता सहर मिनामिसेन्जोकु 2-3-1

भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

☎ 03-6425-7608 FAX 03-6425-7610

## ■ अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत) को आवेदन खुला गरिएको छ।


©Ota City

ओता सहरमा ओता सहरको आकर्षण तथा जानकारी प्रचार गर्ने " अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत)" को आवेदन खुला गरिएको छ।
गतिविधिहरूमा भाग लिने क्रममा अझ धेरै ओता सहरबारे जान्ने अवसरहरू प्राप्त हुनुका साथै धेरै मान्छेहरूसँग चिनजान पनि हुन्छ। तपाईं पनि ओता सहरमा सक्रिय भूमिका निर्वाह गर्न चाहनुहुन्छ? हामी तपाईंको आवेदन पर्खिरहेका छौं।

●अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत) को भूमिका:
① SNS, व्यक्तिगत सञ्जाल आदिको उपयोग गरी ओता सहरको आकर्षण, अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवन कार्यक्रमको प्रचार गर्ने
② ओता सहर आदिद्वारा आयोजना गरिने इभेन्ट आदिमा सहभागी र हुने र सहरबासीसँगको आदानप्रदान
●कार्यभार अवधि: 2025 साल जुलाई~2027 साल जुन (योजना)
विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।

दायरामा पर्ने व्यक्तिहरू ओता सहर भित्र बसोबास, काम, अध्ययन आदि गर्ने ओता सहरसँग सम्बन्ध भएका 18 वर्ष वा सोभन्दा बढीका विदेशी नागरिकहरू

2025 साल अप्रिल 7 तारिख (सोमबार) 5:00 pm सम्ममा अनिवार्य रूपमा आइपुग्नुपर्नेछ।

आवेदन फाराम लिएर आउनुहोस् वा हुलाक, FAX वा इमेलद्वारा आवेदन दिनुहोस्।

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323
E-mail：boshu-kokusai@city.ota.tokyo.jp



···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# साइकललाई अझ सुविधाजनक र सुरक्षित बनाउनको लागि

## ■ओता सहर कम्युनिटी साइकल कार्यक्रम


ओता सहर कम्युनिटी साइकल भनेको शुल्क तिर्नुपर्ने साइकल सेयर सर्भिस हो। टोक्यो जिल्ला भित्र बनाइएका जुनसुकै दोकोमो बाइक सेयरको साइकल पोर्ट (साइकल पार्किङ स्थल) बाट पनि साइकल भाडामा लिन र फिर्ता गर्न सकिन्छ। ओता सहर भित्र लगभग 150 स्थानहरूमा साइकल पोर्ट छन्।
(प्रयोगको लागि एप्लिकेसन डाउनलोड गर्नुपर्नेछ।)


©Ota City

एप्लिकेसनमा निश्चय गर्नुहोस्। https://docomo-cycle.jp/tokyo/

## ■साइकल लक गर्नेबारे

ओता सहरमा स्थानीय नियम अनुसार साइकल लक आदि गरेर चोरी रोकथामका उपायहरू अपनाउनुपर्ने कुरा तोकिएको छ। चोरीबाट बच्नको लागि साइकलबाट थोरै मात्र टाढा जाने बेला, आफ्नो घर र साइकल पार्किङ स्थलमा साइकल राख्ने बेलामा पनि अनिवार्य रूपमा साइकल लक गर्नुहोस्। चोर्नलाई अझ बढी समय लाग्ने हुनाले, विशेष गरी दुई ठाउँमा लक गर्ने टु-लक प्रभावकारी हुन्छ। टु-लकद्वारा महत्त्वपूर्ण साइकललाई सुरक्षित राखौं।


©Ota City

## ■साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइनको बारेमा

- ओता सहरमा सहरको सडकहरूमा साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइन बनाइएको छ।
- यसले सवारी साधनको मार्गको बायाँ छेउमा भएको र साइकल चलाउने ठाउँको संकेत गर्दछ।
- मार्क माथि, वाण चिन्हको दिशा तर्फ अरूलाई आवतजावत गर्ने ठाउँ छोड्दै चलाउनुहोस्।
- ट्राफिक लाइट नभएको चौबाटोहरूमा एक पटक रोकी, दायाँबायाँको सुरक्षा निश्चय गर्ने जस्ता यातायात नियम तथा मर्यादाको पालना गर्नुहोस्।
- सडकमा पार्किङ गरिएको सवारी साधनलाई ओभरटेक गर्दा, अनिवार्य रूपमा पछाडिपट्टिको सुरक्षा निश्चय गर्नुहोस्।


न्याभिगेसन मार्क　न्याभिगेसन लाइन

स्रोत: महानगरीय प्रहरी विभागको वेबसाइट

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315　FAX 03-5744-1527　E-mail：toshikan@city.ota.tokyo.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　FAX 03-5744-1323

▼विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶